# अरुण गाउँपालिकाको आर्थिक ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मिति २०८०।०३।२०

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

## अरुण गाउँपालिका

### प्याउली, भोजपुर

कोशी प्रदेश, नेपाल

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

# अरुण गाउँपालिकाको आर्थिक ऐन, २०८०

**गाउँ सभाबाट स्वीकृत मितिः २०८०।०३।२०**

**प्रस्तावनाः** अरुण गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अरुण गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अरुण गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि अरुण गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोञ्जरन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. अरुण गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ती वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवं खानिजन्य बस्तुहरुको विक्री गर्न सक्नेछ ।साथै आफ्नो क्षेत्र भित्र उत्पादन भई आफ्नो सिमाक्षेत्र बाहिर निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवं खानिजन्य वस्तुको वाह्य निकासीमा अनुसुची (१४) मा उल्लेख भए अनुसार दरमा बिक्री तथा निकासी शुल्क लगाइनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. दण्ड र जरिवानाः यस ऐनको उलङ्गन वापत हुने विभिन्न किसिमका दण्ड र जरिवाना यस ऐनमा उल्लेख भएको अनुसूची (१५) मा व्यवस्था भए अनुसार हुनेछ ।

अध्यक्ष

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याउली, भोजपुर
कोशी प्रदेश नेपाल

## अनुसूची १
### (दफा २ सँग सम्बन्धित)
### सम्पत्ती कर

१. आगामी आ. व. २०८०/८१ मा सम्पत्ती कर लगाउने सम्वन्धमा सम्भाव्यता अध्ययन गरीनेछ ।

## अनुसूची २
### (दफा ३ सँग सम्बन्धित)
### भूमी कर (मालपोत)

१. **घरधुरी र भूमि कर (मालपोत)** :- गाउँपालिका क्षेत्रभित्र भूमिकर, मालपोत कर अनुसूचीमा तोकिए बमोजिम लगाइने तथा असुल उपर गरिनेछ ।

| **क) मालपोत अशुली दर:** प्रतिरोपनी | | | | |
|---|---|---|---|---|
| **विवरण** | **अव्वल** | **दोयम** | **सीम** | **चाहार** |
| खेत | ३० | २५ | २० | १५ |
| पाखा | २५ | २० | १५ | १० |

नोट : न्यूनतम मालपोत दर रु २०।-कायम गरिएको छ।

**ख) घरधुरीकर :**

| **घरको प्रकार** | **पक्की** | **च्यादर** | **टायल** | **फुस** |
|---|---|---|---|---|
| दर | ५०० | १०० | १०० | ५० |

## अनुसूची ३
### (दफा ४ सँग सम्बन्धित)
### घरबहाल कर

अरुण गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ती वा सस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा देहाय अनुसार घर बहाल कर लगाइने र असुल उपर गरिने छ ।

| **क्र.सं.** | घरबहाल कर | **कैफियत** |
|---|---|---|
| १. | अरुण गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ती वा सस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची सम्झौता रकमको १० प्रतिशतका दरले घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ । | |

अध्यक्ष

## अनुसूची ४
### (दफा ५ सँग सम्बन्धित)
### व्यवसाय कर

अरुण गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा देहाय बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१. व्यवसाय करको दररेट देहायबमोजिम पारित गरिएको छः–

| सि.नं | व्यवशायको नाम /दर्ता /नविकरण | करको दर रु | श्रेणी क दर रु | श्रेणी ख दर रु | श्रेणी ग दर रु | श्रेणी घ दर रु |
|---|---|---|---|---|---|---|
| १. | किराना पसल दर्ता/नविकरण | | १००० | ८०० | ५०० | |
| २. | थोक बिक्रेता | १५०० | | | | |
| ३. | होटल एण्ड लज | १५०० | | | | |
| ४. | रेस्टुरेण्ट | १५०० | | | | |
| ५. | रेस्टुरेण्ट एण्ड वार | ५००० | | | | |
| ६. | होटल | १००० | | | | |
| ७. | मासु पसल | ७०० | १००० | | | |
| ८. | चिया नास्ता पसल | ५०० | | | | |
| ९. | मिठाई पसल | ७०० | | | | |
| १०. | कपडा पसल | | १००० | ८०० | ५०० | |
| ११. | फेन्सी तथा तयारी पोशाक पसल | ७०० | | | | |
| १२. | श्रृगार सामाग्री पसल | ५०० | | | | |
| १३. | निर्माण व्यवसाय तथा हार्डवेयर पसल | | ५००० | २५०० | २००० | |
| १४. | भाडा बर्तन पसल | १००० | | | | |
| १५. | सुनचाँदी तथा गहना पसल | | ३००० | २५०० | २००० | |
| १६. | पत्रिका स्टेसनरी पुस्तक पसल | ७०० | | | | |
| १७. | फोटो स्टुडियो | | ७०० (कलरल्याव) | ५०० | | |
| १८. | दन्त हस्पिटल | ४००० | | | | |

अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९. | निजी अस्पताल, नर्सिङ होम | ५००० | | | | |
| २०. | निजी क्लिनिक | १५०० | | | | |
| २१. | भेटेरीनरी चिकित्सा | ५०० | | | | |
| २२. | चश्मा पसल | ५०० | | | | |
| २३. | स्टिल फर्निचर पसल | १००० | | | | |
| २४. | काठको फर्निचर उद्योग | १००० | | | | |
| २५. | ब्युटि पार्लर | ७०० | | | | |
| २६. | टेलरिङ्ग सेन्टर,पसल | ५०० | | | | |
| २७. | दुग्ध उत्पादन तथा बितरण | ५०० | | | | |
| २८. | साईन बोर्ड बनाउने तथा आर्ट पसल | ५०० | | | | |
| २९. | घडी, रेडियो, क्यासेट, सिडी पसल इलेक्ट्रोनिक सामान बिक्री पसल | ५०० | १००० | | | |
| ३०. | टि.भि, रेफ्रीजेरेटर, कम्प्युटर, मोबाईल पसल | १५०० | | | | |
| ३१. | ग्यास डिलर | १००० | | | | |
| ३२. | बिजुलीका सामान बिक्री पसल | ५०० | | | | |
| ३३. | मोटर पार्ट्स, मिल मेसिनरी | १५०० | | | | |
| ३४. | कानुनी तथा प्राबिधिक परामर्श सेबा | १००० | | | | |
| ३५. | लेखापढी व्यवसायी | १००० | | | | |
| ३६. | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | | १५००० | १२००० | ७००० | ५००० |
| ३७. | सहकारी बैंक | १२०० | | | | |



अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ३८. | बिमा कम्पनी | ७५०० | | | |
| ३९. | विमा व्यवसाय | १००० | | | |
| ४०. | ढुवानी सेवा प्रति गाडी | १००० | | | |
| ४१. | टि.भी, कम्युटर, टेलिफोन, पंखा, डेग, रेडियो, क्यालकुलेटर घडी, एम्लिफायर, माईक आदि मर्मत | ५०० | | | |
| ४२. | हल्का पेय पदार्थ, जुस उत्पादन उद्योग | ६०० | | | |
| ४३. | पाउरोटी, केक, पेस्टि, डुनट उद्योग | ५०० | | | |
| ४४. | नुडल्स उद्योग | ५०० | | | |
| ४५. | कुटानी पिसानी उद्योग | ५०० | १००० | | |
| ४६. | कृषि, मल, बिउ, औजार तथा किटनासक औषधी | १००० | | | |
| ४७. | होजियारी पसल | ५०० | | | |
| ४८. | पेट्रोलपप्प | ५००० | | | |
| ४९. | फलामको घरेलु सामान बिक्री पसल | ५०० | | | |
| ५०. | पोल्ट्री फर्म | ३०० | | | |
| ५१. | अलैंची ब्यापार :पच्चिस लाख रुपयाँसम्म | २००० | | | |
| | पच्चिस लाख रुपैया भन्दा माथि | ३५०० | | | |
| ५२. | खोटो संकलन | ३००० | | | |
| ५३. | रेडियो, एफ. एम. प्रशारण केन्द्र | १००० | | | |
| ५४. | ड्राई क्लिनिङ्ग | २०० | | | |
| ५५. | ढाका बुनाई,बेत बाँस फर्निचर | २०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५६. | इँटा टायल उद्योग व्लक | २००० | | | | | |
| ५७. | विरुबा नर्सरी | ५०० | | | | | |
| ५८. | भाषा प्रशिक्षण कोचिङ्ग सेन्टर | १००० | | | | | |
| ५९. | मनि ट्रान्सफर | २००० | | | | | |
| ६०. | निजी क्षेत्रका क्याम्पस | १५०० | | | | | |
| ६१. | सिनेमा हल | २००० | | | | | |
| ६२. | औषधी पसल | १००० | | | | | |
| ६३. | पुल स्नुकर | १००० | | | | | |
| ६४. | हस्तकला सामान पसल | १०० | | | | | |
| ६५. | मोटर साईकल मर्मत | १००० | | | | | |
| ६६. | बस तथा ह्याभी गाडी मर्मत ग्यारेज | २००० | | | | | |
| ६७. | शैलुन | ५०० | | | | | |
| ६८. | सामान ढुवानी कर्ता कम्पनी तथा कुरियर्स | १००० | | | | | |
| ६९. | चिठ्ठीपत्र कुरियर्स | ५०० | | | | | |
| ७०. | कम्प्युटर प्रशिक्षण केन्द्र | २००० | | | | | |
| ७१. | केबुल ब्यवसाय (इन्टरनेट) | ३००० | | | | | |
| ७२. | खनिज उद्योग | १००० | | | | | |
| ७३. | फलफुल तथा तरकारी खुद्रा पसल | ५०० | | | | | |
| ७४. | हबाई सेवा | ५०० | | | | | |
| ७५. | मध्य बजार क्षेत्रभन्दा बाहिरका ग्रामिण क्षेत्रमा खोलिएका किराना पसल तथा साना होटल | ५०० | | | | | |
| ७६. | भाडा उद्योग (तीन लाख भन्दा साना) | ५०० | | | | | |
| ७७. | भाँडा उद्योग/पसल (तिन लाख भन्दा माथि) | १००० | | | | | |

अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर कोशी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७८. | निजी क्षेत्रका बिद्यालय | १००० प्रा.वि. | | | | १५०० मा.वि. | |
| ७९. | निजी क्षेत्रको उच्च मा.बि. | २००० | | | | | |
| ८०. | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | ५००० | | | | | |
| ८१. | तालिम तथा अनुसन्धान केन्द्र | १५०० | | | | | |
| ८२. | बैदेशिक रोजगार सेबा प्रदान गर्ने म्यानपावर कम्पनी | ३००० | | | | | |
| ८३. | सीपमुलक स्वरोजगार सेवा प्रदान गर्ने संस्था | ५०० | | | | | |
| ८४. | जुता चप्पल पसल | ५०० | | | | | |
| ८५. | भिडियो मेकर, फ्लेक्स प्रिन्टिङ्ग | १००० | | | | | |
| ८६. | डिष्टीलरी मदिरा व्यवसाय (थोक बिक्रेता) | १५०० | | | | | |
| ८७. | पार्क उद्यान, बनभोज स्थल शुल्क | ५०० | | | | | |
| ८८. | कन्सल्टेन्सी संस्था दर्ता | १००० | | | | | |
| ८९. | हाउजिङ्ग कम्पनी तथा घरजग्गा खरिद विक्रि व्यवसाय दर्ता | २००० | | | | | |
| ९०. | प्रिन्टिङ्ग प्रेस, छपाई तथा प्रकाशन (अपसेट प्रेस सहित) | १००० | | | | | |
| ९१. | कवाडी व्यवसाय दर्ता | ५०० | | | | | |
| ९२. | आइसक्रिम वेच्ने पसल | १०० | | | | | |
| ९३. | मुर्ति / उपहार पसल | १०० | | | | | |
| ९४. | सवारी साधन वेच्ने पसल | २००० | | | | | |
| ९५. | पानपसल | २०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९६. | माटोको भाडा पसल | १०० | | | | | |
| ९७. | माइक्रो हाइड्रो (१० किलोवाट सम्म) | २००० | | | | | |
| ९८. | माइक्रो हाइड्रो (१० कि.वा. भन्दा माथि) | ५००० | | | | | |
| ९९. | हस्तकला सामान पसल | १०० | | | | | |
| १००. | वाखापालन व्यवसाय | ३०० | | | | | |
| १०१. | वंगुरपालन व्यवसाय | ३०० | | | | | |
| १०२. | दुग्ध व्यवसाय | ३०० | | | | | |
| १०३. | मत्स्यपालन व्यवसाय | ५०० | | | | | |
| १०४. | कम्युटस गोलिया काठ चिरान उद्योग | १५०० | | | | | |
| १०५. | डिसहोम सेवा कम्पनी | २००० | | | | | |
| १०६. | सोलर विद्युत सामाग्री पसल | १००० | | | | | |
| १०७. | रुद्राक्ष व्यापारी (प्रति व्यापारी) | ५००० | | | | | |
| १०८. | रुद्राक्ष व्यापारी (मुखद्वार दानाको) | विक्री मूल्यको ५% | | | | | |
| १०९. | माछापालन उद्योग | १००० | | | | | |
| ११०. | माछा जलारी | ५०० | | | | | |
| १११. | लेखापरीक्षण आवद्धता वार्षिक शुल्क | १५०० | | | | | |

**समूह, संघ, संस्था तथा निर्माण व्यवसाय वार्षिक दार्ता तथा नविकरण शुल्क देहयबमोजिम निर्धारण गरिएको छ।**

| क्र.स. | दर्ता हुने व्यवसायको नाम | दर्ता शुल्क वार्षिक | नविकरण शुल्क | प्रतिलिपी शुल्क |
|---|---|---|---|---|
| १. | 'घ' वर्गको निर्माण व्यवसाय दर्ता, नविकरण तथा प्रतिलिपी | ७००० | ५००० | ३००० |

| | | | | |
|---|---|---|---|---|
| | 'घ' वर्गको निर्माण व्यवसाय नविकरण विलम्व शुल्क एकमूष्ट | | | २००० |
| २. | जलस्रोत उपभोग अनुमतिपत्र (खानेपानी /सिचाई/लिफ्टीङ्ग/डिपवोरिङ्ग समेत २५ लाख सम्मको आयोजना दर्ता, नविकरण तथा प्रतिलिपी) | २००० | १००० | १००० |
| ३. | जलस्रोत उपभोग अनुमतिपत्र खानेपानी /सिचाई /लिफ्टीङ्ग/ डिपवोरिङ्ग समेत २५ लाख देखि ५० लाखसम्मको आयोजना दर्ता, नविकरण तथा प्रतिलिपी | ३००० | १५०० | १००० |
| ४. | जलस्रोत उपभोग अनुमतिपत्र खानेपानी /सिचाई /लिफ्टीङ्ग / डिपवोरिङ्ग समेत ५० लाख देखि १ करोडसम्मको आयोजना दर्ता, नविकरण तथा प्रतिलिपी | ५००० | २००० | १००० |
| ५. | जलस्रोत उपभोग अनुमतिपत्र खानेपानी /सिचाई/लिफ्टीङ्/डिपवोरिङ्ग समेत १ करोड भन्दा माथिका आयोजना दर्ता, नविकरण तथा प्रतिलिपी | ७००० | २५०० | १००० |
| | जलस्रोत उपभोग अनुमतिपत्र खानेपानी /सिचाई/लिफ्टीङ्/डिपवोरिङ्ग नविकरण विलम्व शुल्क एकमूष्ट | | | १००० |
| ६. | कृषक तथा पशुपालन समूह दर्ता, नविकरण तथा प्रतिलिपी | ३५० | १५० | २५० |
| | कृषक तथा पशुपालन समूह नविकरण विलम्व शुल्क | | | १०० |
| ७. | अन्य प्रकृतिका समूह संघ संस्था दर्ता, नविकरण तथा प्रतिलिपी उपभोक्ता समिति समेत | १००० | ५०० | ८०० |
| | अन्य प्रकृतिका समूह संघ संस्था नविकरण विलम्ब शुल्क एकमूष्ट | | | ३०० |

नोट : माथि लेखिएका करको दरमा नसमेटिएका विषयहरुमा आर्थिक विधेयक, २०८० बमोजिम न्यूनतम दर कायम हुने गरि सिफारिस गरिएको छ । व्यवसाय कर प्रयोजनका लागि व्यवसायको श्रेणी विभाजन देहायबमोजिम पारित गरिएको छ।

| ग श्रेणी | ख श्रेणी | क श्रेणी | कैफियत |
|---|---|---|---|
| ३ लाख रुपैया सम्म। | ३ लाख एक रुपयाँ देखि १० - लाख रुपैयाँसम्म। | १० लाख एक रुपैंया भन्दा माथि। | |

## अनुसूची ५
## (दफा ६ सँग सम्बन्धित)
## जडिबुटी, कवाडी र जीवजन्तु कर

अरुण गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ती वा सस्थाले उन्. खोटो. जडिबुटी. बनकस. कवाडी माल र प्रचलित कानुनले निषेध गरिएका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड. सिङ्.प्वाख. छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत देहाय बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

| क्र.सं. | राजस्वका क्षेत्रहरु | आ.व. २०८०।०८१ को दर रु | कैफियत |
|---|---|---|---|
| १. | उन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छालाजस्ता वस्तु | ठूलो गाडी प्रति पटक २०००।- सानो गाडी प्रति पटक १०००।- | |
| २. | कवाडी कर | प्रति ट्रक ५००।०० | |

## अनुसूची ६
## (दफा ७ सँग सम्बन्धित)
## सवारी साधन कर

(क) वार्षिक सवारी कर (गाँउपालिका क्षेत्र भित्रका) को दररेट देहाय बमोजिम स्वीकृत गरिएको छ।

आज्ञा

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल



| सि.नं. | सवारीको प्रकृति | वार्षिक दर्ता शुल्क रु. | नविकरण हुने प्रकृतिको हकमा नविकरण शुल्क वार्षिक रु |
|---|---|---|---|
| १. | बस, ट्रक तथा अन्य ह्याभी गाडी | ३००० | |
| २. | भाडाका कार जीप | १००० | |
| ३. | भाडाका मिनीबस | १५०० | |
| ४. | निजी कार, निजी मिनीबस | १००० | |
| ५. | स्कुटर, मोपेड, मोटरसाइकल | १०० | |
| ६. | टेम्पो / अटो तीनपाग्रे सवारी | २००० | १००० |
| ७. | ठेलागाडा तथा अन्य यस्ता प्रकारका सवारी साधन | १०० | |
| ८. | जे.सि.वि. (वार्षिक) | १५००० | |
| ९. | स्काईभेटर (वार्षिक) | ३०००० | |

(ख) पटके सवारी करको दररेट देहायबमोजिम पारित गरिएको छ।

| सि.नं. | सवारीको प्रकृति | एक पटकको रु. |
|---|---|---|
| १. | बस, ट्रक, ट्रयाक्टर तथा अन्य ह्याभी सवारी साधनहरु | ३० |
| २. | सानो जीप कार | २० |

## अनुसूची ७
### (दफा ८ सँग सम्बन्धित)
### विज्ञापन कर

अरुण गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

| सि.नं. | राजश्वका क्षेत्रहरू | आ. व. ०८०/८१ को दर रु | कैफियत |
|---|---|---|---|
| १. | होर्डिङ बोर्ड मुख्य सडकहरु प्रतिवर्ग फिट | ५०।०० | |
| २. | होर्डिङ बोर्ड मुख्य सडकसँग जोडिएका शाखा सडकहरु प्रतिवर्ग फिट | ३०।०० | |



अध्यक्ष

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्याउली, भोजपुर कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ३. | होर्डिङ बोर्ड अन्यत्र प्रतिवर्ग फिट | २०।०० | |
| ४. | फ्लेक्स बोर्ड प्रतिवर्ग फिट | १०।०० | |
| ५. | माथि उल्लेखित प्रकरण बाहेकको हकमा प्रतिवर्ग फिट | १०।०० | |
| ६. | व्यानर प्रति दुई हप्ता | ५००।०० | |
| ७. | व्यानर व्यापारिक प्रतिगोटा प्रतिवर्ग फिट (दुई हप्ताका लागि) | २०।०० | |
| ८. | गेट राख्न गाउँपालिकाको स्वीकृति लिएर मात्र प्रतिहप्ता | १०००।०० | |
| ९. | प्रचारप्रसार सिटी, रिक्सा समेतबाट माइकिङ गरेको प्रतिदिन | ५०।०० | |
| १०. | प्रचारप्रसार गाडीबाट प्रतिदिन | १००।०० | |

## अनुसूची ८
### (दफा ९ सँग सम्बन्धित)
### मनोरञ्जन कर

जिल्ला प्रशासन कार्यालयबाट मेला सञ्चालनको स्वीकृति एवं अनुमति लिई गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्नात्मक प्रबृत्तिका कार्यक्रम, पर्व, मेला वा महोत्सवहरु सञ्चालन गरेबापत प्रतिमेला एकमुष्ट रु. ५०००। -रुपैयाँ लगाइने र असुल उपर गरिनेछ।

## अनुसूची ९
### (दफा १० सँग सम्बन्धित)
### बहाल विटौरी शुल्क

आगामी आर्थिक वर्ष ०८०/८१ देखि अरुण गाउँपालिका वडा नं. ३ स्थित बजार तथा यस गाउँपालिका क्षेत्र भित्रको सबै वडाहरुमा लाग्ने बजारको बिक्रीका लागि राखिने उपभोग्य वस्तुहरुमा लाग्ने बहाल विटौरी शुल्कको दर देहायबमोजिम पारित गरिएको छ।

| क्र सं. | विवरण | तोकिएको दर रेट रु | कैफियत |
|---|---|---|---|
| १. | राँगाको मासुपसल (प्रति राँगो) | २०० | |
| २. | सुंगुरको मासुपसल (प्रति सुंगुर) | १०० | |
| ३. | कुखुरा प्रतिगोटा | १० | |
| ४. | जडीवुटी पसल | २५ | |



अध्यक्ष

अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्याउली, भोजपुर कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ५. | जिउँदा राँगो प्रतिगोटा | १०० | |
| ६. | खसी, बोका प्रतिगोटा | १०० | |
| ७. | जिउँदो सुंगुर प्रतिगोटा | ७० | |
| ८. | सुंगुरको पाठो प्रतिगोटा | २५ | |
| ९. | खाद्यान्न सामाग्री पसल | २० | |
| १०. | तरकारी पसल | २० | |
| ११. | चिउरा पसल | २० | |
| १२. | डोका नाङलो पसल | २० | |
| १३. | खुद्रा किराना पसल | २० | |
| १४. | फलफूल पसल | २० | |
| १५. | कच्चा सूर्ति पसल | ३० | |
| १६. | इलेक्ट्रोनिक्स सामान पसल | ४० | |
| १७. | हटियाको दिन खोलिने होटल | ५० | |
| १८. | पाउरोटी पसल | १० | |
| १९. | माटाका भाडा पसल | २५ | |
| २०. | तयारी कपडा जुत्तापसल | ६५ | |
| २१. | हरेक माल खुद्रा घुमन्ते पसल | ३० | |
| २२. | खसी बोकाको मासु पसल | ५० | |
| २३. | माछा (आलो)पसल | ७५ | |
| २४. | सुकुटी माछा पसल | २५ | |
| २५. | राडी गलैंचा पसल | ५० | |
| २६. | घुमन्ते जादु प्रदर्शनी/घुमन्ते पसल | १००/५०० | |
| २७. | कस्मेटिक श्रृंगार सामान पसल | ५० | |
| २८. | स्थानीय उत्पादित फलामे औजार पसल | २५ | |
| २९. | अण्डा पसल | १० | |
| ३०. | छालाको सामान पसल | २० | |
| ३१. | चटपटे पसल | २५ | |
| ३२. | झुल तन्ना आदि सामाग्रीको घुमन्ते पसल | ६५ | |
| ३३. | धातुका भांडा पसल | ६५ | |

व्यावसायिक प्रयोजनको लागि अन्यत्र लैजाने खसी/बोका, बंगुर प्रतिगोटा रु.५०।- र गाई, गोरु, राँगा, भैसी प्रतिगोटा रु.१००।- व्यावसयिक कर कायम गरीएको छ ।

अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर कोशी प्रदेश, नेपाल

आयक्ष

क) ढक तराजुको नाप र इकाइमा विक्री हुने खाद्यान्न, दाल, चामल, आदि सामानहरुको कर निर्धारण गर्ने प्रयोजनका लागि वढीमा ५० के.जी. सम्मको सामानलाई प्रति इकाइ मानी तोकिएको दरमा हटिया कर असुल गर्ने र सोभन्दा बढीको सामानहरुका हकमा प्रति ५०/५० के.जी.को शुरु तोकिएको दरमा खप्टयाएर हटिया कर असुल गर्ने गरी पारित गरिएको छ ।

ख) उल्लेखित निर्णयमा समावेश हुन छुट भएका सामानहरुको विक्रीका लागि सबै वडाहरुमा लाग्ने हटियामा आएका सामानहरुको रु.२५।- प्रति व्यापारी असुल गर्न पारित गरिएको छ।

अध्यक्ष

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

## अनुसूची १०
### (दफा ११ सँग सम्बन्धित)
### पार्किङ्ग, सरसफाई तथा पूर्वाधार सेवा शुल्क

अरुण गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत देहाय अनुसार पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

| सि.नं. | राजस्वका क्षेत्रहरु | आ.व. ०८०/८१ को दर रु | कैफियत |
|---|---|---|---|
| १. | ट्रली, लहरी, ट्रिपर | ५० | |
| २. | बस, ट्रक, ट्याक्टर | ५० | |
| ३. | मिनीबस, मिनीट्रक, माइक्रोबस | ३० | |
| ४. | पिकअप, कार, जीप, भ्यान | २० | |
| ५. | भारतीय सवारी साधन, ट्रली, बस, ट्रक | भा.रू १५० | |
| ६. | भारतीय सवारी साधन कार, जीप, भ्यान, माइक्रोबस | भा.रू १०० | |
| ७. | भारतीय मोटरसाइकल | भा.रू २० | |

## अनुसूची ११
### (दफा १२ सँग सम्बन्धित)
### ट्रेकिङ्. कोयोकिङ. क्यानोनिङ. बन्जी जम्पिङ्ग. जिपफ्लायर र र्याफ्टिङ्ग शुल्क

अरुण गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्. कोयोकिङ. क्यानोनिङ. बन्जी जम्पिङ्ग. जिपफ्लायर र र्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत देहाय बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

| क्र.सं. | राजस्वका क्षेत्रहरु | आ.व. २०८०।०८१ को दर रु | कैफियत |
|---|---|---|---|
| १. | ट्रेकिङ | ०।०० | |
| २. | कोयोकिङ | ०।०० | |
| ३. | क्यानोनिङ. | ०।०० | |
| ४. | बन्जी जम्पिङ | ०।०० | |
| ५. | जिपफ्लायर | ०।०० | |
| ६. | र्‍याफ्टिङ | ०।०० | |

प्रमाणित

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

# अनुसूची १२
## (दफा १३ सँग सम्बन्धित)
## सेवा शुल्क दस्तुर

(क) अरुण गाउँपालिकाको पशुपंक्षी शाखाबाट पशुहरुको परीक्षण उपचार दर्ता शुल्क तपसिल बमोजिम असुल उपर गरिनेछ ।

| क्र.स. | परीक्षण/उपचार विवरण | दर्ता शुल्क रु | कैफियत |
|---|---|---|---|
| १. | गाई, भैसी, बाछा,बाछी प्रतिगोटा | २० | |
| २. | भेडा, बाख्रा प्रतिगोटा | १० | |
| ३. | बंगुर प्रतिगोटा | १५ | |
| ४. | कुखुरा | ५ | |
| ५. | कुकुर, विरालो | २५ | |
| ६. | हात्ती, घोडा, बाँदर / अन्य | ५० | |
| ७. | सवै प्रकारका जनवारहरुको शव परीक्षण | १०० | |
| **माइनर सर्जिकल सेवा** | | | |
| १. | घोडा प्रतिगोटा | २०० | सुमार्ने (खसिपार्ने) |
| २. | कुकुर, बिरालो, बाँदर प्रतिगोटा | १५० | सुमार्ने (खसिपार्ने) |
| ३. | गोरु प्रतिगोटा | १०० | सुमार्ने (खसिपार्ने) |
| ४. | बोका, थुम्बा प्रतिगोटा | ३० | सुमार्ने (खसिपार्ने) |
| ५. | बंगुर प्रतिगोटा | १०० | सुमार्ने (खसिपार्ने) |
| **अन्य सेवा** | | | |
| १. | कृतिम गर्भाधान सेवा | | |
| | गाई | ३०० | |
| | भैसी | ५०० | |
| २. | गर्भ परिक्षण | १५० | |
| ३. | दुध परिक्षण | ५० | |
| ४. | गोबर परिक्षण | २० | |
| ५. | पिसाब परिक्षण | ५० | |

(ख) अरुण गाउँपालिकाले उपलव्ध गराएको विभिन्न सेवा सुविधा एवं सिफारिसमा लाग्ने सेवा, शुल्क तथा सिफारिस दस्तुर निम्नानुसार निर्धारण गर्ने र असुल उपर गरीनेछ।

| सि.नं. | विवरण | दररेट रु |
|---|---|---|
| १. | घर नक्सा निवेदन दस्तुर | ३०० |



अध्यक्ष

अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| २. | घर नक्सा किताव दस्तुर | ५०० |
| ३. | घर नक्सापास प्रयोजनका लागि सर्जमिन | ५०० |
| ४. | आवासीय RCC भवन निर्माण प्रति वर्गफुट | २ |
| ५. | व्यापारिक RCC भवन प्रतिवर्ग फुट | ३ |
| ६. | पक्की इटा, ढुँङ्गा, माटो, वाँस, टायल, टिन, खवटा, एसवेस्टस प्रयोग गरी वनाएको घरमा प्रतिवर्ग फिट | १ |
| ७. | कम्पाउण्ड वाल प्रति रनिङ्ग फिट | २ |
| ८. | निर्माण भएका भवनको अभिलेखिकरण प्रतिवर्ग फुट | २४ |
| ९. | घर निर्माण सम्पन्न प्रमाण पत्र | १००० |
| १०. | घर नक्सा नामसारी दस्तुर एक तल्लामा | १००० |
| ११. | घर नक्सा नामसारी दस्तुर दुई तल्लासम्म | २००० |
| १२. | घर नक्सा नामसारी दस्तुर तिन तल्ला र सो भन्दा माथी | ३००० |
| १३. | घर नक्साको प्रतिलिपि दस्तुर | १००० |
| १४. | गाँउपालिका क्षेत्रमा निर्माण हुने भौतिक संरचनाको लेआउट गाउँपालिकाको प्राविधिकवाट गराएमा सो वापत भौतिक संरचनाले ओगट्ने जग्गाको क्षेत्रफलमा भवनको प्रतिवर्ग फिट | २ |

(ग) अमिन सेवा फिल्डमा प्रयोग (नापजाँच कित्ताकाँट) बापतको दररेट देहायबमोजिम पारित गरिएको छ।

| क्र.स. | विवरण | रोपनी | नाँप जाँच दररेट रु | कित्ताकाट दररेट रु |
|---|---|---|---|---|
| १. | अरुण गा. पा. १ देखि ७ नं. वडाक्षेत्र भित्र | १० सम्म | ३००० | १५०० |
| २. | अरुण गा. पा. १ देखि ७ नं. वडाक्षेत्र भित्र | १० देखि २० सम्म | ४००० | २००० |
| ३. | अरुण गा. पा. १देखि ७ नं. वडाक्षेत्र भित्र | २० देखि ३० सम्म | ५००० | २५०० |
| ४. | अरुण गा. पा. १देखि ७ नं. वडाक्षेत्र भित्र | ३० देखि ५० सम्म | ६००० | ३००० |
| ५. | अरुण गा. पा. १देखि ७ नं. वडाक्षेत्र भित्र | ५० भन्दा माथि | ८००० | ४००० |

| | | | | |
|---|---|---|---|---|
| ६. | अरुण गा. पा. १ देखि ७नं. वडाक्षेत्र भित्र | १०० भन्दा माथि | १५००० | ७५०० |
| ७. | घडेरीतर्फ | प्रति घडेरी | ३००० | १५०० |

(घ) अरुण गाँउपालिकाले सार्वजनिक सेवा प्रवाहमा नियमनका लागि देहाय बमोजिमको सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

| सिं न. | सेवाको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कार्यालयबाट गरिने सामान्य सरजिमिन | ३५० | |
| २. | स्थलगत सरजमीन | १००० | |
| ३. | नक्कल दस्तुर प्रतिपाना | १० | |
| ४. | हरेक निबेदन दर्ताशुल्क प्रतिगोटा | २० | |
| ५. | व्यवसाय दर्ता निवेदन शुल्क | २०० | |
| ६. | स्थलगत प्राविधिक सेवा शुल्क | ५०० | |
| ७. | साँध सीमाना प्रमाणपत्र पक्की सडक क्षेत्रको | ७०० | |
| ८. | साँधसिमाना प्रमाणीत कच्ची सडक क्षेत्र | ५०० | |
| ९. | नागरिकता प्रमाणपत्र सिफारिस/नागरिकता प्रतिलिपि सिफारिस | ३५०/५०० | |
| १०. | जग्गा नामसारी सिफारिस | ३५० | |
| ११. | नामथर संशोधन सरजमीन समेत | ५०० | |
| १२. | नामथर संसोधन सिफारिस | ३५० | |
| १३. | निजी जग्गाको रुख कटानका लागि जिल्ला वन कार्यालयमा सिफरिश | ५०० | |
| १४. | व्यापार व्यवसाय नामसारी दस्तुर | ७०० | |
| १५. | घर कायम पक्की | ५०० | |
| १६. | घर कायम कच्ची | ४०० | |
| १७. | बन्दुक नविकरण | १५०० | |
| १८. | अस्थायी टहरा निर्माण अनुमति | २५०० | |
| १९. | छुट जग्गा दर्ता प्रति रोपनी | ७०० | |
| २०. | निजि धारा विद्यूत टेलिफोन जडान | ३५० | |
| २१. | आचरण सम्वन्धी सिफारिस | ५०० | |

| | | | |
|---|---|---|---|
| २२. | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क/व्यक्तिगत दर्ता घटना दर्ता प्रमाणपत्र प्रतिलिपि (३५ दिनसम्म निःशुल्क) | २००/५०० | |
| २३. | विवाह प्रमाणीकरण स्वदेशी दुलहीसँग | ३५० | |
| २४. | विदेशी दुलहीसँग | १००० | |
| २५. | अविवाहित प्रमाणिकरण | ३५० | |
| २६. | सडक दूरी प्रमाणित | ३५० | |
| २७. | जन्म प्रमाणीकरण | ३५० | |
| २८. | नाता प्रमाणित | ३५० | |
| २९. | बसोबास प्रमाणित | ५०० | |
| ३०. | नाफामुलक संस्था दर्ता सिफारिश | १००० | |
| ३१. | सेवामुलक संस्था दर्ता सिफारिश | ३०० | |
| ३२. | निजी विद्यालय सञ्चालन सिफारिस | आधारभूत तह १००० | |
| | | माध्यमिक तह २००० | |
| ३३. | निजी विद्यालय कक्षा थप सिफारिस | आधारभूत तह ५०० | |
| | | माध्यमिक तह १००० | |
| ३४. | मोही नामसारी सिफारिस | ४०० | |
| ३५. | ठुला उद्योग स्थापना सिफारिस | २००० | |
| ३६. | मझौला उद्योग स्थापना सिफारिस | १००० | |
| ३७. | साना उद्योग स्थापाना सिफारिस | ५०० | |
| ३८. | जीर्ण रुखको हाँगाविंगा छाँटकांट स्वीकृती | ५०० | |
| ३९. | नेपाली पेन्सन पट्टा सम्वन्धी सिफारिस | ३५० | |
| ४०. | भारतीय पेन्सनपट्टा सम्वन्धी सिफारिस | ५०० | |
| ४१. | अन्य मुलुकको पेन्सन पट्टा सम्वन्धी सिफारिस | १००० | |
| ४२. | अपुताली संबन्धी सिफारिस | ३५० | |
| ४३. | अन्य अंग्रेजी रुपान्तरित प्रमाणित कागजात | १००० | |
| ४४. | आय प्रमाणित ५ लाखसम्म | १००० | |
| | रु. ५ लाखदेखि १० लाखसम्म | १००० | |
| | रु. १० लाखदेखि १५ लाखसम्म | १५०० | |
| | रु. १५ लाखदेखि रु. २० लाखसम्म | २००० | |
| | रु. २० लाखभन्दा माथि | २५०० | |
| ४५. | जग्गा मूल्यांकन प्रतिसय | ५० पैसा | |

| | | | |
|---|---|---|---|
| ४६. | घुमन्ते जादुगर | ५०० | |
| ४७. | सर्कस, इलेक्ट्रोनिक पिङ समेत प्रतिदिन | ५०० | |
| ४८. | उद्योगधन्दा नामसारी सिफारिश | १००० | |
| ४९. | पेट्रोल पम्प स्थापना सिफारिश | २००० | |
| ५०. | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | ५०० | |
| ५१. | बिद्युत जडान सिफारिस | ३५० | |
| ५२. | चारकिल्ला प्रमाणित | ५०० | |
| ५३. | अन्य कुनै प्रकारका सिफारिस | ३५०(न्यूनतम) | |
| ५४. | चिलाउने, उत्तिस, पात्ले, सल्लो, लगायतका, कुकाठ गोलिया निकासी सिफारिस (प्रति ट्रक) | २७०० | |
| ५५. | खयर निकासी सिफारिस शुल्क (प्रति टयाक्टर, मिनिट्रक र एलपी ट्रक) | ५०००, ८००० र १२००० | |
| ५६. | तरकारी निकासी सिफारिस (प्रतिभ्यान) | ५०० | |
| ५७. | बाँस निकाशी सिफारिस (प्रतिट्रक) | १५०० | |
| ५८. | अदुवा अम्लिसो प्रतिकिलो निकाशी सिफारिस | १ | |
| ५९. | अलैंची निकाशी सिफारिस (प्रतिकेजी) | ७ | |
| ६०. | चिराइतो तथा अन्य जडिबुटी निकाशी सिफारिस (प्रतिकेजी) | २ | |
| ६१. | दलहन निकाशी सिफारिस (प्रतिकेजी) | २ | |
| ६२. | सूची दर्ता | १०० | |

## अनुसूची १३

### (दफा १४ सँग सम्बन्धित)

### पर्यटन शुल्क

यस गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाईने कार्यलाई यसै आ.व. २०८०।०८१ बाट सुरु गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

## अनुसूची १४

### (दफा १५ सँग सम्बन्धित)

### बिक्री तथा निकाशी शुल्क

अरुण गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ती वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि



अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर कोशी प्रदेश, नेपाल

प्राकृतिक एवं खानिजन्य बस्तुहरुको बाह्य निकासीमा देहाय बमोजिमको बिक्री तथा निकासी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

| क्र.सं. | विवरण | आ.व. २०८०।०८१ को दर रु | कैफियत |
|---|---|---|---|
| १. | ढुङ्गा.गिट्टी. बालुवा. | | |
| | ट्रीपर | १००० | |
| | ट्रक | ७०० | |
| | ट्राक्टर | ५०० | |
| २. | माटो. | | |
| | ट्रीपर | ५०० | |
| | ट्रक | २०० | |
| | ट्राक्टर | १०० | |

## अनुसूची १५
### (दफा १८ सँग सम्बन्धित)
### दण्ड र जरिवाना

| सि.नं. | विवरण | आ.व. ०८०/८१ को दर रु | कैफियत |
|---|---|---|---|
| १. | ३५ दिनभित्र दर्ता भएका व्यक्तिगत घटना | | |
| २. | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | तोकिए अनुसार | तोकिए अनुसार |
| ३. | गाउँपालिकाले तोकेको निशेधित क्षेत्र तथा छिमेकिलाई असर पर्ने गरी घर छेउ, चोक लगायतका क्षेत्रमा फोहोर फाल्नेका हकमा | १,००० | फोहोर उठाउन लागेको रकम समेत लिने । |
| ४. | निशेधित प्लास्टिक प्रयोगमा ल्याउनेको हकमा | १०० | |
| ५. | जथाभावि चौपाया छोड्नेका हकमा प्रतिदिन प्रति चौपाया | ५० | ७ दिनसम्म पनि चौपाया लिन चौपाया धनी नआएमा |

| | | | |
|---|---|---|---|
| | | | गाउँपालिकाले लिलाम गर्नेछ । |
| ५.१ | खसी, बाखा, भेडा च्यांग्रा आदी | १०० | पाठापाठीको हकमा खुराकी खर्च प्रतिदिन रु ७५ |
| ५.२ | गाई, गोरु, रांगा, भैसी, घोडा, सुंगुर बंगुर घरपालुवा कुकुर, लगायत | २०० | खुराकी खर्च थप रु १०० प्रतिदीन बाछाबाछी र पाडापाडीको हकमा सोको ५०% थप |
| ५.३ | माथि उल्लेखित बाहेकका चौपायाको हकमा | १०० देखि २०० सम्म | खुराकी रु १०० प्रतिदिन |
| ६. | मालपोत बक्यौता जरिवाना | | |
| | १ वर्ष सम्म | १०% | |
| | २ वर्ष | १५% | |
| | २ वर्ष माथि | २५% | |
| ७. | झुठ्ठा विवरण पेश गर्नेका लागि | | |
| | १) उद्योग, ब्यापार तथा ब्यवशायको विवरण | मूल्याङ्कनको थप ०.१% | |
| | २) गाउँपालिकाले मागेका अन्यविवरण | ५०० | |
| ८. | अर्कालाई अप्ठेरो पार्ने नियतले रुख, पर्खाल लगाउने, घर टहरा निर्माण गर्ने | प्रचलित नेपाल कानूनमा तोकिएको भए बमोजिम हुने। गाउँपालिकाले हटाउँदाको खर्च समेत थप गरी लिने। | |
| ९. | सबै प्रकारका पसल तथा ब्यवसाय खोली गाउँपालिकामा दर्ता नगरी अनुमति बेगर सञ्चालन गरिरहेको (प्रथम बर्षका लागि) | प्रचलित नेपाल कानूनमा तोकिएको | |

आदेश



अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | भएबमोजिम हुने। | |
| | (क) एक बर्ष सम्म नआएकोलाई आधार दरमा थप | २५% | |
| | (ख) एक देखि माथि दुई बर्ष सम्म नआएकोलाई आधार दरमा थप | ५०% | |
| | (ग) दुई बर्ष भन्दा वढी नआएकोलाई आधार दरमा थप | १००% | यस पछि प्रतिबर्ष दोब्बर हुँदै जाने |
| १०. | सार्वजनिक बाटो लागायत सांध सधिंयारीलाई बाधा अवरोध पुग्ने गरी ढल, नाला, चर्पि, सेफ्टि टैंकि बनाउनेलाई | २,००० | १.गाउँपालिकाले हटाउँदाको खर्च समेत थप गरी लिने<br><br>२. बाटोमा १२ र १३ मा भएको घटनाका आधारमा हुने सम्भावित हानि नोक्सानीको जिम्मेवारी समेत संबन्धित ब्यक्तिबाटै असुल उपर गर्ने । |
| ११. | इजाजत बेगर सार्वजनिक स्थान, बाटो, घोडेटो, गोरेटो घेर्ने, गाई बस्तु बांध्ने, माटो, गिटी बालुवा तथा ढुंगा लगायतका सामान राखि आफ्नो प्रयोगमा ल्याउने लाई | १,५०० | |
| १२. | बिना अनुमति सार्वजनिक सम्पतिको हानि नोक्सानी, अतिक्रमण वा अपचलन गर्ने, | २,५०० | त्यस सम्पतिलाई दुरुस्त पार्न लाग्ने खर्च समेत थप असुल गर्ने। |
| १३. | विना अनुमति सार्वजनिक जग्गामा वा त्यस्तो जग्गा मिची घर, टहरा आदी निर्माण गर्ने । | ५,००० | घर टहरा भत्काउदा र हटाउँदा लागेको खर्च समेत असुल गर्ने । |



अध्यक्ष

अरुण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुर कोशी प्रदेश नेपाल

| | | | |
|---|---|---|---|
| १४. | कुनै किसिमका यन्त्र उपकरण जोडि वा कुनै उपकरण वा मनोरञ्जनका साधनद्वारा छर छिमेक वा समाजमा शान्ति भङ्ग हुने कृयाकलाप गर्नेलाई । | १०० | हटाउँदा लागेको खर्च समेत असुल गर्ने |
| १५. | पशलहरूमा मूल्य सूची नराखेलाई | १५१ देखि ५,१०० सम्म | ब्यवसायको प्रकृति हेरी अनुगमन टोलिको सिफारिसमा कार्यपालिकाले निर्णय गर्ने |
| १६. | निशेधित क्षेत्र बाट ढुंगा, गिटि, बालुवा, माटो लगायतका चिज बस्तु निकालेमा | | |
| क) | प्रति ट्याक्टर | ६,००० | एक पटक भन्दा बढी पटक को हकमा प्रति पटक दोब्बर हुंदै जानेछ । |
| ख) | प्रति टिपर | १८,००० | प्रति पटक दोब्बर हुंदै जानेछ |
| ग) | नदीजन्य सामाग्रिको हकमा नम्बरी जग्गा बाट समेत निकाल्न पाईने छैन यदी निकालेको हकमा संबन्धित जग्गाधनीलाई एकमुष्ठ | १०,००० | प्रति पटक दोब्बर हुंदै जानेछ । |

- साथै उल्लेखित कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिन सकिनेछैन र अन्य कर तथा शुल्क सङ्कलन सम्वन्धी निश्चित ऐन-नियम, कार्यविधि तथा कानूनी प्रकृया पूरा गरी गाउँपालिकाले तोकेबमोजिम निर्धारण गरी लागू गर्न सकिनेछ।
- उल्लेखित कर तथा सेवाशुल्क प्रत्येकको फरक फरक कर लगाउँदा भौगोलिक कठिनाईका कारण संकलन गर्न कठिनाई हुने भएकोले कुनै एक वा सोभन्दा बढी अनुसूचिमा उल्लेखित विवरण भएको दररेटलाई एकमुष्ट ठेक्का व्यवस्था गर्न सकिनेछ ।

प्रमाणित

नोटः–

१. गाँउपालिका क्षेत्रभित्रका फरक क्षमता भएका, आर्थिक अवस्था कमजोर भएका तथा प्राकृतिक प्रकोप जस्ता सिफारिसहरुमा प्रकृति हेरी कर छुट दिन सकिनेछ।

२. नोटः-राजस्वका शीर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ। स्थानीय तहका राजस्व शीर्षकहरु नतोकिएसम्म यसै वमोजिम गरिनेछ।

प्रमाणित